शुद्धोधन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्या : ६ मितिः- २०८१/०९/०७ (अतिरितांक)

भाग — २

शुद्धोदन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

## विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८१

सम्बत २०८१ को कार्यविधि नं. ६ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०९/०७

शुद्धोधन गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुमा **विद्यालय व्यवस्थापन समिति** गठन गर्ने कार्यलाई सरल, पारदर्शी र व्यवस्थित गर्दै विद्यालय व्यवस्थापन समिति गठनमा अभिभावकहरुलाई सहयोग गर्न बान्छनीय भएकोले शुद्धोधन गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१ प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः-

क) यो कार्यविधिको नाम "विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

ख) यो कार्यविधि शुद्धोधन गाउँकार्यपालिकाले स्वीकृत गरी प्रमाणीकरण गरेको मितिदेखि लागू हुनेछ ।

ग) यो कार्यविधि शुद्धोधन गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयमा लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "विद्यालय" भन्नाले शुद्धोधन गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्छ ।

ख) "व्यवस्थापन समिति" भन्नाले शिक्षा ऐन, २०२८ (संसोधन सहितको) को दफा १२ बमोजिम गठित समिति सम्झनु पर्छ ।

ग) " छनौट सहयोग समिति" भन्नाले दफा ३ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

घ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी IEMIS अभिलेखमा जनाईएको व्यक्ति सम्झनु पर्दछ ।

ङ) "चन्दादाता" भन्नाले सामुदायिक विद्यालयलाई प्रचलित शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ तथा शुद्धोधन गाउँपालिकाको शिक्षा ऐन २०७४ र शुद्धोधन गाउँपालिकाको शिक्षा शिक्षा नियमावली २०७९ अनुसार विद्यालयलाई सहयोग उपलब्ध गराउने व्यक्ति वा अभिभावकलाई सम्झनु पर्छ ।

च) "संस्थापक" भन्नाले विद्यालयको स्थापना गर्ने वा स्थापना र विकासमा शुरुदेखि निरन्तर उल्लेख्य सहयोग पुर्याउने वा सोको अगुवाई गर्ने व्यक्ति सम्झनु पर्छ ।

छ) "शिक्षाप्रेमी, बुद्धिजिबी र समाज सेवी " भन्नाले शिक्षाप्रति सकारात्मक सोच भएका, सामाजिक विकास एवं शैक्षिक चेतना अभिबृद्धिमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा टेवा पुर्याउने व्यक्ति सम्झनु पर्छ ।

ज) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा पठन पाठन गर्ने हरेक वर्षको बैशाख एक गतेदेखि चैत्र मसान्तसम्मको अवधिलाई सम्झनु पर्छ ।

झ) "प्रधानाध्यापक" भन्नाले नियमानुसार विद्यालयको प्रशासनिक जिम्मेवारी प्राप्त शिक्षकलाई सम्झनु पर्छ ।

ञ "गाउँपालिका" भन्नाले शुद्धोधन गाउँपालिकालाई सम्झनु पर्छ ।

ट) "अध्यक्ष" भन्नाले शुद्धोधन गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ठ)"प्रमुख प्रशासकीय अधिकृत " भन्नाले शुद्धोधन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ

झ) "निर्बाचन समिति" भन्नाले सर्बसम्मत रुपमा विद्यालय व्यवस्थापन समिति छनौट हुन नसकि निर्बाचन प्रकृयाबाट छनौट गर्नुपर्ने अवस्थामा सो कार्य सम्पादन गर्ने **छनौट सहयोग समितिलाई** सम्झनु पर्दछ ।

ञ) "निर्बाचन /मतदान अधिकृत" भन्नाले दफा १२ बमोजिम निर्बाचन प्रकृयाबाट समिति छनौट गर्नुपर्ने अवस्थामा कार्य सम्पादन गर्ने छनौट सहयोग समितिको संयोजकलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धि व्यवस्था

**३. छनौट सहयोग समिति सम्बन्धि व्यवस्था :-**

३ .१ सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि देहायका सदस्यहरु रहेको एक **छनोट सहयोग समिति** रहनेछ ।

क) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा अधिकृत स्तरको कर्मचारी - संयोजक

ख) विद्यालय रहेको वडाको वडा सचिव - सदस्य

ग) सम्बन्धीत विद्यालयको प्रधानाध्यापक - सदस्य

**४. अभिभावक सम्बन्धी व्यवस्था**

(१) विद्यालय व्यवस्थापन समितिमा दुईजना महिला सहित चारजना सदस्यहरु छनौट गर्ने प्रयोजनको लागि विद्यार्थीका बाबु वा आमा वा छोरा तर्फको बाजे वा बज्यै मध्ये विद्यालयको EMIS अभिलेखमा अभिभावक भनि उल्लेख गरिएको व्यक्ति मात्र अभिभावक मानिनेछ ।

(२) एउटै दम्पतिका जतिसुकै विद्यार्थी भएपनि एक जना मात्र अभिभावक मानिनेछ ।

(३) कुनै विद्यार्थीका बाबु, आमा, बाजे, बज्यैको मृत्यु भई अन्य व्यक्ति संरक्षक भएको अवस्थामा सम्बन्धित वडा कार्यालयबाट निजको बाबु, आमा, बाजे, बज्यैको मृत्यु भईसकेको प्रमाण पत्र सहित सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएमा त्यस्ता संरक्षक व्यक्ति विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनको लागि अभिभावक मानिनेछ ।

(४) एउटै पतिका एक भन्दा बढी पत्नी भइ पति र पत्नीहरू एकाघरमा बसेको अवस्थामा विद्यार्थीका बाबु वा आमा वा बाजे वा बज्यै मध्ये कुनै एक जनालाई अभिभावक मानिनेछ तर अंशबन्डा गरी अलग घरमा बसेको अवस्थामा बाबु वा आमा मध्ये EMIS अभिलेखमा नाम उल्लिखित कुनै एकलाई मात्र अभिभावक मानिनेछ ।

(५) शैक्षिक सत्रको वीचमा विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्ने अवस्थामा अभिभावक नामाबली प्रकाशन गर्नु तत्काल पूर्व विद्यालयमा संचालित त्रैमासिक वा अर्धवार्षिक परीक्षामा सहभागी विद्यार्थीका अभिभावक मात्र विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि अभिभावक मानिनेछ ।

**५. अभिभावकहरूको नामावली प्रकाशन गर्नेः**

(१) विद्यालयमा कक्षा १ देखि विद्यालयमा सञ्चालित माथिल्लो कक्षासम्म अध्ययनरत विद्यार्थीका अभिभावकहरूको नामावली तयार गरी छनौट सहयोग समितिको निर्णय अनुसार अनुसूची १ वमोजिमको ढांचामा प्रकाशन गरिनेछ ।

(२) प्रकाशित अभिभावकको नामावलीमा नाम थप गर्न वा हटाउन वा अन्य विवरण सच्याउनु पर्ने भएमा अभिभावक स्वयम् उपस्थित भई अनुसूची २ बमोजिमको ढाँचामा तोकिएको समय भित्र प्रमाण सहित निवेदन दिनु पर्नेछ ।

(३) तोकिएको समय भित्र पेश हुन आएका निवेदन र संलग्न कागजात अध्ययन गर्दा नाम संसोधन गर्न मनासिव देखिएमा छनौट सहयोग समितिको निर्णय अनुसार नामावली संसोधन गरी भेला हुनु भन्दा कम्तिमा तीन दिन अगावै अभिभावकहरुको अन्तिम नामावली प्रकाशन गरिनेछ ।

(४) प्रकाशित अन्तिम नामावलीमा नाम उल्लेख भएको व्यक्ति मात्र विद्यालय व्यवस्थापन समितिमा दुईजना महिला सहित चारजना सदस्य छनौट गर्ने प्रयोजनका लागि अभिभावक मानिनेछ ।

**६. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष / सदस्य हुन नसक्ने अवस्था**

(१) देहाय बमोजिमको व्यक्ति विद्यालय व्यवस्थापन समितिकको अध्यक्ष वा सदस्य हुन सक्ने छैन ।

क) गैर नेपाली नागरिक,

ख) पच्चीस वर्ष उमेर पूरा नभएको,

ग) पदेन सदस्य बाहेकको सदस्य पदमा सरकारी कोषबाट तलव भत्ता खाने व्यक्ति,

घ) प्रचलित कानुन बमोजिम कालो सूचीमा परेको व्यक्ति,

ङ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति ।

च) सरकारी बाँकी सरहको रकम असुल उपर हुन बाँकी रहेको व्यक्ति ।

छ) सरकारी वा कुनै सार्वजनिक पदमा जुनसुकै कारणले उम्मेदवार हुन नपाउने व्यक्ति ।

**७. सूचना गर्ने**

(१) विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि अभिभावक भेला गर्नु भन्दा कम्तिमा तीन दिन अगावै अभिभावकहरुलाई सूचना गरिनेछ ।

**८. सूचनाको माध्यम**

(१) अभिभावक भेला हुनुभन्दा कम्तिमा तीन दिन अगावै विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मार्फत उनीहरुका अभिभावकलाई पत्रद्वारा अभिभावक भेलामा उपस्थितिका लागि सूचना गरिनेछ ।

**९. गणपुरक संख्या सम्वन्धी व्यवस्था**

(१) पहिलो पटक बोलाईएको अभिभावक भेलामा अभिभावकहरू मध्ये कम्तिमा ५१ प्रतिशत वा सो भन्दा वढी अभिभावकको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

(२) पहिलो अभिभावक भेलामा गणपूरक संख्या नपुगी दोश्रो पटक बोलाईएको अभिभावक भेलामा जतिसुकै अभिभावक उपस्थित भएपनि गणपूरक संख्या पुगेको मानिनेछ ।

१०. कुनै व्यक्तिले सूचना पाइन वा मिलेन भनेको वा कुनै अभिभावक अनुपस्थित भएका आधारमा मात्र भेला रोकिने वा स्थगित गरिने छैन ।

११. सदस्य छनौट सम्बन्धी व्यवस्थाः

(१) गणपुरक संख्या पुगेको अभिभाबक भेलाबाट सर्बसम्मत रुपमा दुई जना महिला सहित चार जना विद्यालय व्यवस्थापन समिति सदस्य छनौट गरिनेछ ।

(२) सर्बसम्मत रुपमा विद्यालय व्यवस्थापन समिति सदस्य छनौट हुन नसकेमा सदस्य पदमा छनौट हुन इच्छुक व्यक्तिहरुलाई मात्र राखेर छलफल परामर्श गरी सर्बसम्मत गराइनेछ ।

(३) सोही दिन सर्वसम्मत सदस्य छनौट हुन नसकेमा छनौट सहयोग समितिले उक्त दिनको भेला समापन गरी इच्छुक व्यक्तिहरु बिच सहमतिको लागि बढीमा सात दिन समय उपलव्ध गराउन सक्नेछ ।

(४) यसरी उपलव्ध गराइएको समयमा सहमति भएमा छनौट सहयोग समितिले चार जना सदस्यको छनौट भएको घोषणा गर्नेछ ।

(५) उपदफा (१) (२), (३) र (४) बमोजिम प्रयास गर्दा पनि सर्बसम्मत छनौट हुन नसकेमा ३० दिन पछि अर्को अभिभाबक भेला बोलाइ उपदफा (१) र (२) बमोजिम सर्बसम्मत रुपमा विद्यालय व्यवस्थापन समिति सदस्य छनौट गरिनेछ ।

(६) दफा (१) (२), (३) र (४) बमोजिम विद्यालय व्यवस्थापन समिति सदस्य छनौट हुन नसकेमा छनौट सहयोग समितिले छोटो, सरल र सहज प्रक्रियाद्वारा मत बिभाजन गरी सदस्यको छनौट गर्नेछ ।

१२ **मतदान अधिकृत र मनोनयन पत्र दर्ता गर्ने सम्बन्धी व्यवस्था**

(१) मत विभाजन प्रकृयाबाट सदस्य छनौट गर्नुपर्ने अवस्थामा **छनौट सहयोग समितिले निर्बाचन समितिको** र **छनौट सहयोग समितिको सयोजकले निर्बाचन अधिकृत र मतदान अधिकृतको** कार्य सम्पादन गर्नेछ । मत विभाजन प्रकृयाबाट सदस्य छनौट गर्नुपर्ने अवस्थामा **निर्बाचन समितिले** छनौट प्रकृयाको कार्यतालिका सार्वजनिक गर्नेछ ।

(२) सदस्य हुन योग्यता पुगेका इच्छुक अभिभावकले अनुसूची ३ बमोजिमको ढाँचामा तोकिएको धरौटी दस्तुर सहित छनौट सहयोग समितिले तोकेको समय र स्थानमा मनोनयन पत्र दर्ता गराउनु पर्नेछ ।

(३) मनोनयन दिने व्यक्ति स्वयं उपस्थित भई मनोनयन पत्र पेश गर्नुपर्ने छ ।

१३. **नामावली प्रकाशन सम्बन्धी व्यवस्थाः** छनौट सहयोग समिति समक्ष पेश हुन आएका मनोनयन पत्रहरुलाई विद्यालयको अभिलेखका आधारमा रुजु गरी अभिलेख बमोजिम भिडेका निवेदकहरुको नामावली सोही दिन अनुसूची ४ बमोजिमको ढाँचामा प्रकाशन गरिनेछ ।

१४. **दावी विरोध सम्वन्धी व्यवस्था**

(१) अनुसूची ४ वमोजिम प्रकाशित उम्मेदवारको नामावली मध्ये कुनै उम्मेदवार सदस्य पदमा छनौट हुने योग्यता नभएको आधार भएमा प्रमाण सहित तोकिएको समय भित्र सो उम्मेदवार विरुद्ध अनुसूची ५ वमोजिम तोकिएको ढाँचामा तोकिएको दस्तुर सहित दावी विरोध पेश गर्न सकिनेछ ।

(२) प्राप्त दावी विरोध उपर निर्बाचन समितिले छानवीन गरी दावी सही ठहरिएमा त्यस्ता उम्मेदवारको नाम हटाइ उम्मेदवारको नामावली नाम संशोधन सहित र दावी झुठा ठहरिएमा पूर्ववत् उम्मेदवारहरुको नामावली अनुसूची ६ बमोजिमको ढाचामा प्रकाशन गर्नेछ ।यसरी नाम हटाइएका उम्मेदवारको धरौटी रकम जफत गरिनेछ ।

१५. **उम्मेदवारले नाम फिर्ता लिने सक्नेः** दफा १४ बमोजिम प्रकाशित नामावलीमा समावेस भएको कुनै उम्मेदवारले तोकिएको समय भित्र अनुसुची ७ बमोजिमको ढाचामा आफ्नो उम्मेदवारी फिर्ता लिन सक्नेछ । यसरी नाम फिर्ता लिने उम्मेदवारको धरौटी रकम फिर्ता दिइनेछ ।

१६**अन्तिम नामावली प्रकाशन सम्बन्धी व्यवस्थाः** उम्मेदवारी फिर्ता लिन तोकिएको समय भित्र कुनै उम्मेदवारले आफ्नो नाम फिर्ता लिएमा निजको धरौटी रकम फिर्ता दिइ बाँकी रहेका उम्मेदवारहरुको अन्तिम नामावली तयार गरी अनुसूची ८ बमोजिमको ढाचामा प्रकाशन गरिनेछ।

१७. **उम्मेदवरलाई चुनाब चिन्ह प्रदान , निर्बाचन मिति र प्रचार प्रसारको समयः** उम्मेदवारहरुको अन्तिम नामावलीमा नाम कायम रहेका उम्मेदवारहरुलाई तोकिएको समयमा गोला प्रथाबाट अनुसूची ९ बमोजिमका चुनाब चिन्ह प्रदान गरिनेछ ।चुनाब चिन्ह प्रदान गरेको दिन समेत गणना गरी तीन दिन प्रचार प्रसारको लागि समय प्रदान गरिनेछ र चौथो दिन निर्बाचन हुनेछ ।

१८. मतदाता नामावली सम्बन्धी व्यवस्थाः दफा ५ बमोजिम प्रकाशित अभिभाबकहरुको अन्तिम नामावली नै मतदाताहरुको अन्तिम नामावली कायम हुनेछ ।

१९. **निर्बाचन समयः** निर्बाचनको लागि तोकिएको दिन बिहान १० दश बजेदेखि ३ तीन बजेसम्म निर्बाचन समय कायम हुनेछ ।३ तीन बजेपछि निर्बाचन क्षेत्रमा मतदातालाई प्रबेश गर्न दिइने छैन ।

२०. आचार संहिताको पालनाः उम्मेदवार र मतदाताहरुले देहाय बमोजिम आचार संहिता पालना गर्नुपर्नेछ ।

क) कुनै पनि उम्मेदवारलाई व्यक्तिगत आक्षेप लगाउन पाइने छैन ।

ख) मतदातासँग मत माग्दा आफ्नो लागि मात्र मत माग्नु पर्नेछ ।

ग) मतदान शुरु हुने समय भन्दा ३६ छत्तिस घण्टा अगावै प्रचार प्रसार वा मत माग्ने कार्य बन्द गर्नु पर्नेछ ।

घ) तोकिएको समय समाप्त भए पछि मतदान कार्य सम्पन्न नहुदासम्म कुनै पनि मतदातालाई मत संकेत गर्ने वा अन्य कुनै प्रभाब पार्नु हुदैन ।

ङ) कुनै पनि मतदातालाई कुनै प्रलोभनमा पार्नु हुदैन ।

च) कुनै पनि शिक्षक कर्मचारीले कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै अभिव्यक्ति दिन वा कुनै पनि मतदातालाई कुनै प्रभाब पार्ने वा प्रलोभनमा पार्नु हुदैन ।

छ) कुनै पनि उम्मेदवार वा उम्मेदवारको पतिनिधि वा कुनै मतदाताले मादक पदार्थ सेवन गरेको पाइएमा मतदान क्षेत्रभित्र प्रवेश गर्न दिइने छैन ।

ज) मतदानलाई प्रभाब पार्ने अन्य कुनै पनि कार्य गर्न पाइने छैन ।

२१. **उम्मेदवार र उम्मेदवारको प्रतिनिधिको परिचय पत्रः** निर्बाचनका दिन मतदान र मतगणना कार्यलाई व्यवस्थित गर्न र निर्बाचनलाई सहज बनाउँनका लागि उम्मेदवार र उम्मेदवारको एकजना प्रतिनिधिलाई परिचय पत्र प्रदान गरिनेछ ।

२२. मतदानः उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिको रोहवरमा मतपेटिका रुजु गरी तोकिएको समयमा मतदान शुरु गरिनेछ । कुनै उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि अनुपस्थित भए पनि मतदान कार्य शुरु गर्न बाधा पर्नेछैन ।

२३. मतदान कार्य निरन्तर हुनेः मतदान कार्य शुरु भएपछि सम्पन्न नभएसम्म रोकिने छैन ।तर मौसम वा अन्य काबु बाहिरको परिस्थिति उत्पन्न भएमा उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिको रोहवरमा मतपेटिका सुरक्षित रहने गरी मतदान स्थगित गर्न बाधा पर्ने छैन ।

२४. पुनः मतदान शुरु गर्ने र मतपेटिका बन्द गर्नेः दफा २३ बमोजिम मतदान स्थगित भएको अवस्थामा परिस्थिति सहज हुनासाथ पुनः मतदान शुरु हुनेछ ।मतदान कार्य सम्पन्न भएपछि उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिको रोहवरमा मतपेटिका सुरक्षित रुपमा बन्द गरी सुरक्षित राखिनेछ ।

२५. बाधा नपर्नेः यस कार्यबिधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मतदाता समयमै उपस्थित भइ ३ तीन बजे अगाडि नै मतदान सम्पन्न भएमा उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिको सल्लाह र समझदारीमा ३ तीन बज्नु भन्दा अगाडि नै मतदान कार्य सम्पन्न गर्न बाधा पर्ने छैन । साथै कुनै उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र मतदान सम्बन्धी कुनै कार्य रोकिने छैन ।

२६. मतगणना शुरु गर्नेः मतदान कार्य सम्पन्न भएपछि सोही दिन उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिको रोहवरमा मतगणना कार्य शुरु गरिनेछ । साथै कुनै उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र मतगणना सम्बन्धी कुनै कार्य रोकिने छैन ।

२७. मत परिणामको घोषणाः  मतगणना गर्दा २ दुई महिला सदस्य र २ दुई जना खुला सदस्यको मत छुट्टा छुट्टै गणना गरिनेछ । सबै भन्दा बढी मत प्राप्त गर्ने २ दुई महिला सदस्य र २ दुई जना खुला सदस्य निर्बाचित भएको घोषणा गरिनेछ । मत बराबर भएमा गोला प्रथाबाट निर्बाचित हुने सदस्य घोषणा गरिनेछ ।

२८. मतपत्रको व्यवस्थापनः   मत परिणाम घोषणा भएपछि मतपत्र सहितको मतपेटिका ६ छ महिनासम्म विद्यालय प्रशासनमा सुरक्षित राख्नुपर्नेछ । ६ छ महिना पछि विद्यालय व्यवस्थापन समिति र वडा कार्यालयको रोहवरमा धुल्याइनेछ ।

## परिच्छेद ३ विविध

२९.**अधिकार प्रत्यायोजनः**  यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि अभिभावकहरुको नामावली प्रकाशन गर्ने, नाम थर संसोधनका लागि आवश्यक प्रमाण सहित निवेदन संकलन गर्ने, अभिभावक भेलाको लागि पत्राचार गर्ने, आवश्यक सुरक्षा व्यवस्था मिलाउने लगायतका अन्य तोकिएका कार्य गर्न  प्रधानाध्यापकलाई अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

३०. छनौट समितिको निर्णय अन्तिम हुनेः यो कार्यबिधि कार्यान्वयनमा कुनै द्विबिधा उत्पन्न भएमा छनौट समिति / निर्बाचन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

३१.कार्यविधिमा संसोधन

यो कार्यविधिलाई आवश्यकता अनुसार संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

अनुसूची १

अभिभावक नामावली प्रकाशन फाराम

श्री                    विद्यालय  शुद्धोधन      को विद्यालय विद्यालय व्यवस्थापन समिति गठनका लागि विद्यालयका अभिभावकहरूको नामावली तपसिल बमोजिम प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.सं. | अभिभावकको नाम, थर | अभिभावकको माथिल्लो कक्षामा अध्ययनरत विद्यार्थीको नाम, थर | ठेगाना | कक्षा | नाता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची-२

उम्मेदवारको नामावली सच्चाउने दिईने निवेदन

मिति :

**विषयः अभिभावक नामावलीमा संसोधन गरिदिने सम्बन्धमा**

श्री संयोजक ज्यू,  /  निर्बाचन अधिकृतज्यू

विद्यालय व्यवस्थापन छनौट सहयोग समिति /  निर्बाचन समिति

श्री                    विद्यालय, शुद्धोधन-     ,रुपन्देही ।

प्रस्तुत विषयमा तहाँ विद्यालयले विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि मिति ...................मा प्रकाशित सूचना अनुसार आभिभावक नामावलीको क्रम संख्या .......मा मेरो विवरणमा त्रुटी देखिएकाले आवश्यक प्रमाण सहित उक्त त्रुटी संसोधन गरिदिनुहुन अनुरोध छ ।

| क.स. | नामावलीमा भएको विवरण | नामावलीमा हुनुपर्ने विवरण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

निवेदकको दस्तखत

नाम :

ठेगाना

निवेदन साथ संलगन कागजात

१.

२.

अनुसूची ३

विद्यालय व्यवस्थापन समिति सदस्य पदको लागि मनोनयन (दरखास्त) फाराम

मितिः

श्री संयोजकज्यू / निर्बाचन अधिकृतज्यू

विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति / निर्बाचन समिति

श्री विद्यालय, शुद्धोधन- , रुपन्देही ।

उपर्युक्त सम्बन्धमा शिक्षा ऐन २०२८ ( संशोधनसहित ) को दफा १२ को उफदफा १ को खण्ड (क) बमोजिम श्री विद्यालय शुद्धोधन को विद्यालय व्यवस्थापन समितिको सदस्य / महिला सदस्य हुनको लागि इच्छुक रहेकोले यो दरखास्त फाराम पेश गरेको छु ।

प्रस्तावकको नाम, थरः

ठेगानाः

अभिभावक नामावली क्र.सं.ः-

दस्तखतः

समर्थकको नाम, थरः-

ठेगानाः

अभिभावक नामावली क्र.सं.ः-

दस्तखतः

निवेदकको नाम, थरः

अभिभावक नामावली क्र.सं.ः-

दस्तखतः

ठेगानाः

संलग्न कागजातहरू

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२. दस्तुर तिरेको रसिद सक्कलै

अनुसूची -४

उम्मेदवारहरूको नामावली प्रकाशन फारम

मितिः

श्री विद्यालय शुद्धोधन को विद्यालय व्यवस्थापन समिति गठनका लागि आज मिति ..... गते विद्यालय व्यवस्थापन समिति सदस्य पदको लागि मनोनयन पत्र / आवेदन पेश गरेका उम्मेद्वारहरुको नामावली तपसिल बमोजिम रहेको छ ।

तपसिल

| क्र.सं. | अभिभावकको नाम, थर | आवेदन गरेको पद | अभिभावक नामावलीको क्र.सं. | विद्यार्थीको नाम, थर | कक्षा | ठेगाना | नाता |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची ५

## उम्मेदवारको नामावली उपर दावी विरोधको निवेदन

मितिः

श्री संयोजकज्यू / निर्बाचन अधिकृतज्यू ,
विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति / निर्बाचन समिति
श्री विद्यालय, शुद्धोधन- , रुपन्देही ।

यस विद्यालयको विद्यालय व्यवस्थापन समिति गठनका लागि मिति ........ .मा विद्यालयमा प्रकाशित भएको उम्मेदवारहरुको नामावली मध्ये को नाम उपर निम्न कारणले गर्दा नियम सम्मत नदेखिएकोले उक्त नाम बदर गर्न अनुरोध गर्दछु ।

उम्मेद्वारको नामथरः

दावी विरोध गरेको कारणहरूः

१.

२.

दावी विरोध सम्वन्धी प्रमाणहरूः

१.

२.

दावी विरोध गर्ने अभिभावकको नाम, थरः
ठेगानाः
अभिभावक नामावली क्र.संः-
दस्तखतः
मितिः

अनुसूची ६

उम्मेदवारले नाम फिर्ता लिन दिने निवेदन

मितिः

श्री संयोजकज्यू, / निर्बाचन अधिकृतज्यू
विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति / निर्बाचन समिति
श्री विद्यालय, शुद्धोधन- , रुपन्देही ।

उपर्युक्त सम्बन्धमा शिक्षा ऐन २०२८ ( संशोधनसहित ) को दफा १२ को उफदफा १ को खण्ड (क) बमोजिम श्री विद्यालयको व्यवस्थापन समितिको महिला सदस्य / सदस्य पदको लागि मैले मिति मा निवेदन दरखास्त दर्ता गराएकोमा मलाइ उम्मेदवार रही प्रतिस्पर्धा गर्न मन नलागेकोले मेरो निवेदन फिर्ता दिइ उम्मेदवारको नामबाट मेरो नाम हटाइ दिनुहुन अनुरोध गर्दछु ।

उम्मेद्वारको नामःथरः
ठेगानाः
अभिभावक नामावली क्र.संः-
दस्तखतः
मितिः

अनुसूची -७

उम्मेदवारहरूको अन्तिम नामावली सूची प्रकाशन फारम

श्री                                 विद्यालय शुद्धोधन        को विद्यालय व्यवस्थापन समिति गठनको लागि हुने निर्बाचनमा आवेदन पेश गरेका उम्मेद्वारहरुको अन्तिम नामावली तपसिल बमोजिम प्रकाशन गरिएको  छ ।

तपसिल

| क्र.सं. | अभिभावकको नाम, थर | आवेदन गरेको पद | अभिभावक नामावलीको क्र.सं. | विद्यार्थीको नाम, थर | कक्षा | ठेगाना | नाता |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची -८

उम्मेदवारहरूलाई प्रदान गरिने चुनाब चिन्ह

श्री विद्यालय शुद्धोधनको विद्यालय व्यवस्थापन समिति गठनको लागि हुने निर्बाचनमा उम्मेद्वारहरुलाई निम्न बमोजिमका चुनाब चिन्ह मध्येबाट गोलाप्रथाबाट चुनाब चिन्ह प्रदान गरिनेछ ।

| | | | | |
|---|---|---|---|---|
| परेवा | करुवा | घडी | कछुवा | भैसी |
| टोपी | ल्यापटप | खोलिएको पुस्तक | ज्याकेट | बाखा |
| हेलीकप्टर | जिप | ग्लोब | टेवल | पंखा |
| जरायो | लट्ठी | मानिस | दराज | त्रिशुल |
| कलम | गाग्रो | सर्प | कुर्ची | खुकुरी |

उम्मेदवार बढी भएमा निर्बाचन समितिले चुनाब चिन्ह थप गरी प्रदान गर्न सक्नेछ ।

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः- २०८१/०९/०७

आज्ञाले

विष्णु बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत